# समाचार पत्र

## नेपालमा भारतका झलकहरु

नेपाल-भारत सहयोग
NEPAL-INDIA COOPERATION

### एम्बुलेन्स र स्कुलबस उपहारस्वरुप प्रदान




भारत सरकारको लामो समयदेखिको परम्पराको निरन्तरतास्वरुप भारतीय राजदूतावास, काठमाडौंले मिति २०८० आषाढ ३१ गते स्वास्थ्य एवम् शिक्षाको क्षेत्रमा काम गर्ने नेपालका विभिन्न संघ संस्थालाई ३४ वटा एम्बुलेन्स र ५० वटा स्कुलबस उपहारस्वरुप प्रदान गर्यो । नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तवले नेपालका माननीय शिक्षा मन्त्री श्री अशोक कुमार राईले एम्बुलेन्स र स्कुलबसको चाबी लाभग्राही संघ संस्थालाई हस्तान्तरण गर्नुभयो ।

थप जानकारी..

July 2023 © Embassy of India, Kathmandu.

# दैलेखमा विद्यालय भवनको निर्माण



नेपाल–भारत विकास सहकार्य अन्तर्गत भारत सरकारको आर्थिक सहयोगार्थ दैलेख जिल्लामा निर्मित चारवटा विद्यालय भवन मिति २०८० आषाढ १८ गते सम्बन्धित स्थानीय निकायलाई हस्तान्तरण गरियो ।

थप जानकारी..

July 2023 © Embassy of India, Kathmandu.

# बुढानीलकण्ठ धर्मशालाको उद्घाटन






नेपालका सम्माननीय उपराष्ट्रपति श्री रामसहाय प्रसाद यादवले भारत सरकारको करिब नेरु ५ करोड अनुदान सहयोगमा निर्मित बुढानीलकण्ठ धर्मशाला (अतिथि गृह) को मिति २०८० आषाढ २० गते उद्घाटन गर्नुभयो । प्रतिनिधिसभा सदस्यहरु श्री गगन कुमार थापा, श्री प्रदिप पौडेल र भारतीय राजदूतावास, काठमाडौंका नियोग उप–प्रमुख श्री प्रसन्न श्रीवास्तवको सो समारोहमा उपस्थिति थियो । यो परियोजनाले भारतको नेपालसँगको विकास साझेदारीलाई प्रतिबिम्बित गर्नुको साथै यसले भूकम्पपछिको पुनर्निर्माणमा नेपाल सरकारले गरेका प्रयासमा थप बल प्रदान गरेको छ ।

थप जानकारी..

July 2023 © Embassy of India, Kathmandu.

## कुर्था–बिजलपुर रेल खण्डमा रेल सञ्चालन




नेपालका माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री प्रकास ज्वालाले मिति २०८० आषाढ ३१ गते कुर्था–बिजलपुर रेल खण्डको उद्घाटन गर्नुभयो । यो रेल खण्ड भारत सरकारको अनुदान सहयोगमा निर्माण भएको हो । सो समारोहमा दूतावासका नियोग उप–प्रमुख श्री प्रसन्न श्रीवास्तव, मधेश प्रदेशबाट विभिन्न राजनीतिक दलका नेता र नेपाल सरकारका प्रतिनिधिको उपस्थिति थियो ।

---

## भारतको आइआइटी मद्रास प्रवर्तक टेक्नोलोजिज फाउण्डेसन र त्रिभुवन विश्वविद्यालयबीच सम्झौता



मिति २०८० श्रावण ४ गते भारतको आइआइटी मद्रास प्रवर्तक टेक्नोलोजिज फाउण्डेसन र त्रिभुवन विश्विद्यालयबीच नेपालमा इन्नोभेटिभ प्रविधिमा आधारित स्टार्टअप र उद्योगलाई सहयोग एवम् प्रवर्धनका लागि सहकार्य गर्ने सहमति भयो ।

July 2023 © Embassy of India, Kathmandu.

# दिगो पारिस्थितिकी प्रणालीका लागि इन्जिनियरिङ इन्नोभेसन विषयक सेमिनार




राजदूत श्री नवीन श्रीवास्तवले भारतीय राजदूतावास र काठमाडौं विश्वविद्यालयले मिति २०८० श्रावण १३ गते संयुक्त रुपमा आयोजना गरेको दिगो पारिस्थितिकी प्रणालीका लागि इन्जिनियरिङ इन्नोभेसन विषयक सेमिनारको उद्घाटन गर्नुभयो । सेमिनार जलवायु परिवर्तनसँग जुध्न र दिगो पारिस्थितिकी प्रणालीको निर्माण गर्न मिसन LiFE (पर्यावरणका लागि जीवनशैली) मा केन्द्रित थियो । काठमाडौं विश्वविद्यालयका विभिन्न अनुसन्धानकर्ताले कार्वन न्यूट्रालिटीमा नेपालको यात्रा, दिगो समाधानतर्फ महिला संलग्नता, हरित हाइड्रोजनको सम्भावना, फोहोरबाट मोहोर, दिगो पुनर्वासका विषयमा जानकारी दिए ।

---

# केन्द्रीय विद्यालयका विद्यार्थीका लागि मिसन LiFE विषयक कार्यशाला




भारतीय राजदूतावास, काठमाडौंले मिति २०८० श्रावण ११ गते केन्द्रीय विद्यालयका विद्यार्थीका लागि मिसन LiFE विषयक कार्यशाला सञ्चालन गर्यो । कार्यशालामा विद्यार्थीहरुलाई दिगो जीवनशैली अपनाउन र हाम्रो पृथ्वीको संरक्षणमा सक्रिय योगदान दिनका लागि #LiFE Lifestyle for Environment कार्यक्रमबारे जानकारी गराइयो ।

# नेपाल–भारत पुस्तकालयस्थित डिजिटल कर्नर, हिन्दी कर्नर र इण्डिया कर्नरको उद्घाटन



राजदूत श्री नवीन श्रीवास्तवले मिति २०८० श्रावण ७ गते ऐतिहासिक नेपाल–भारत पुस्तकालयमा डिजिटल कर्नर, हिन्दी कर्नर र इण्डिया कर्नरको उद्घाटन गर्नुभयो । सन् १९५६ मा स्थापना भएको यस पुस्तकालयको विशेष ऐतिहासिक महत्व रहेको छ । राजदूत श्रीवास्तवले नेपालका विद्यार्थीहरुलाई आफ्ना सपना पूरा गर्न पुस्तकालयमा रहेका ६५,००० भन्दा बढी पुस्तक र अनलाइन जर्नलको उपयोग गर्न प्रेरित गर्नुभयो । सो समारोहमा नेपाल वायुसेवा निगम र विश्वविद्यालयका प्रतिनिधि, थिंकट्यांक, विद्यार्थी र पुस्तकालयका सदस्यहरुको उपस्थिति थियो ।

July 2023 © Embassy of India, Kathmandu.

# असार पुर्णिमाको अवसरमा कार्यक्रम



भारतीय राजदूतावास, काठमाडौं र अन्तर्राष्ट्रिय बौद्ध परिसंघले आषाढ पुर्णिमाको शुभ अवसरमा मिति २०८० आषाढ १८ गते बौद्ध पूजाको आयोजना गर्यो । कार्यक्रममा नेपालका माननीय संस्कृति, नागरिक उड्डयन तथा पर्यटन राज्यमन्त्री श्रीमती सुशीला ठकुरी र विभिन्न गुम्बाका प्रतिनिधिको उपस्थिति थियो । भारत र नेपालका विभिन्न बौद्ध स्थलहरुको प्रदर्शनी पनि राखिएको थियो ।

थप जानकारी..

# नेपाल बहिरा क्रिकेट टोलीलाई सम्मान




बी.पी. कोइराला फाउण्डेसन र भारतीय राजदूतावास, काठमाडौंले नेपाल बहिरा क्रिकेट टोलीलाई भारत, नेपाल र बंगलादेशमा क्रिकेट श्रृंखलामा सहभागी हुन सहयोग गर्यो । २०८० आषाढ २२ गते आयोजित सम्मान कार्यक्रममा फाउण्डेसनले खेलमार्फत भारत–नेपाल सम्बन्धलाई सुदृढ बनाउन र बहिरापनबारे जनजेतना जगाउन खेलाडीहरुले गरेको प्रयासको प्रशंसा गर्यो । बी.पी. कोइराला फाउण्डेसनले विभिन्न क्षेत्रमा सहयोग गर्दै भारत र नेपालबीचको सांस्कृतिक सम्बन्धलाई प्रवर्धन गर्ने लक्ष्य राखेको छ ।

# नेपाल प्रहरीका लागि अभिमुखीकरण कार्यक्रम





भारतीय राजदूतावास, काठमाडौंले मिति २०८० आषाढ २९ गते र श्रावण १२ गते नेपाल प्रहरीका अधिकृतहरुका लागि अभिमुखीकरण कार्यक्रमको आयोजना गर्यो । कार्यक्रममा उपस्थित नेपाल प्रहरीका अधिकृतहरुले मिति २०८० श्रावण १ देखि १२ गते सम्म र श्रावण १५ गते देखि भाद्र ८ गतेसम्म गुजरातको गान्धीनगरस्थित राष्ट्रिय रक्षा विश्वविद्यालयमा सञ्चालन हुने वित्तिय ठगी अनुसन्धान र भिआइपी सुरक्षा सम्बन्धि प्रशिक्षणमा सहभागी हुनेछन् ।

## नेपाली इन्जिनियरका लागि अभिमुखीकरण कार्यक्रम



भारतीय राजदूतावास, काठमाडौंले भारतको प्रख्यात इन्जिनियरिङ संस्था आइआइटी रुड्कीमा आइटेक अन्तर्गत जलस्रोत विकास, सिँचाइ जल व्यवस्थापन तथा बाँध सुरक्षा र पुनर्वास विषयमा एमटेक कोर्ष अध्ययनका लागि जाने नेपाल सरकारका इन्जिनियरहरुका लागि मिति २०८० आषाढ २९ गते एक अभिमुखीकरण कार्यक्रमको गर्यो ।

---

## नेपाली डाक्टरहरुका लागि अभिमुखीकरण कार्यक्रम



भारतीय राजदूतावास, काठमाडौंले भारतको चण्डीगढस्थित Post Graduate Institute of Medical Education & Research मा मिति २०८० श्रावण ८ देखि १२ गते सम्म सञ्चालन हुने जनस्वास्थ्य व्यवस्थापन विकास कार्यक्रम विषयको आइटेक कोर्ष अध्ययनका लागि जाने दास्रो ब्याचका ५० जना नेपाली डाक्टरहरुका लागि मिति २०८० श्रावण ५ गते एक अभिमुखीकरण कार्यक्रमको गर्यो ।

# भारत र नेपालका किल्लाको फोटो प्रदर्शनी




गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डे र गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपतिले मिति २०८० श्रावण ११ गते 'भारत र नेपालका किल्लाहरु' नामक दुई दिने फोटो प्रदर्शनीको संयुक्त रुपमा उद्घाटन गर्नुभयो । भारतीय दूतावासको स्वामी विवेकानन्द साँस्कृतिक केन्द्रले पेन्सन कार्यालय, पोखराको सहयोगमा गण्डकी प्रज्ञा प्रतिष्ठान, पोखरा रोटरी क्लब र कास्कीस्थित नेपाल–भारत मैत्री संघसँगको सहकार्यमा सो कार्यक्रमको आयोजना गरेको हो ।

# ध्यान कार्यशाला



स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले चिन्मय मिशनसँगको सहकार्यमा मिति २०८० आषाढ १६ गते एक दिने ध्यान कार्यशालाको आयोजना गर्यो । चिन्मय मिशनका एसिया संयोजक श्री विजय शंकर मिश्रले उक्त कार्यशाला सञ्चालन गर्नुभयो । उक्त कार्यशालामा झण्डै ६० जनाको उपस्थिति थियो ।

# केही छुटाउनुभयो कि !

## चन्द्रयान–३ को सफल प्रक्षेपण



भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) ले श्रीहरिकोटाथित सतीश धावन अन्तरिक्ष केन्द्रबाट मिति २०८० आषाढ २९ गते LVM3 M4 रकेटसहितको चन्द्रयान–३ अन्तरिक्ष यानको सफलतापूर्वक प्रक्षेपण गर्यो । चन्द्रमाको सतहमा सफल अवतरणका लागि भारतले चन्द्रयान–२ लाई निरन्तरता दिदै चन्द्रयान–३ मिशनलाई अघि बढाएको हो । चन्द्रयान–३ चन्द्रमाको सतहमा अवरण गर्ने घुम्न सक्ने क्षमताको रहेको छ । LVM3 रकेटले श्रीहरिकोटाथित सतीश धावन अन्तरिक्ष केन्द्रबाट यसको प्रक्षेपण गरेको हो । यो रकोटले चन्द्रयान–३ लाई १०० किमि चन्द्रमा कक्षमा पुर्याउने काम गर्दछ । Spectro-polarimetry of Habitable Planet Earth (SHAPE) payload जडित यो यानले पृथ्वी र चन्द्रमा कक्षको spectral and Polarimetric measurements को अध्ययन गर्नेछ ।

थप जानकारी..

July 2023 © Embassy of India, Kathmandu.

# के तपाइलाई थाहा छ !

## मुरुदेश्वर, कर्नाटक



विशाल अरेबियन समुन्द्रको किनारमा संसारको सबैभन्दा अग्लो भगवान शिवको मूर्ति रहेको छ । यदि तपाई कर्नाटकको मुरुदेश्वर घुम्ने सोचमा हुनुहुन्छ यो भव्य मूर्तिको दृश्यले तपाई मोहित बनाउनेछ ।

थप जानकारी..

---

# केही छुटाउनुभयो कि !

## अन्तर्राष्ट्रिय प्रदर्शनी एवम् सभा केन्द्र – भारत मण्डपम



प्रधानमन्त्री श्री नरेन्द्र मोदीले नयाँ दिल्लीको प्रगती मैदानस्थित अन्तर्राष्ट्रिय प्रदर्शनी एवम् सभा केन्द्र – भारत मण्डपम भारत मण्डपमको मिति २०८० श्रावण ११ गते उद्घाटन गर्नुभयो । जी२० २०२३ को आयोजना भारत मण्डपममा हुनेछ ।

थप जानकारी..

July 2023 © Embassy of India, Kathmandu.